समाचार
नागरिक मंगलबार ३० भदौ २०७७

# लहान नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# लहान (सिरहा)
# प्रदेश, नं. २, नेपाल

## सडक ग्राभेल आपूर्ति सम्बन्धि बोलपत्र आह्वानको सूचना

सूचना नं. २०७७/०७८/०३

**प्रथम पटक सूचना प्रकाशित भएको मितिः २०७७/०५/३०**

चालु आ.व. २०७७/०७८ मा यस नगरपालिका क्षेत्रभित्र सडक ग्राभेल कार्यका लागि कार्यालयमा उपलब्ध साधन तथा उपकरणहरु प्रयोग गरी सम्पन्न गर्ने गराउनु पर्ने भएको हुदा उत्खनन् स्थल बाट सडक ग्राभेल आपूर्ति कार्य ठेक्काको माध्यमबाट गराउनु पर्ने भएकोले आपूर्ति सम्वन्धी कार्य गर्न नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक आपूर्तिकर्ताहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वक शिलवन्दी बोलपत्र आह्वान गरिन्छ ।

**निम्न :-**

१. बोलपत्र पुस्तिका खरिद गर्न इच्छुक आपूर्तिकर्ताहरुले सम्वन्धित फर्मको लेटर प्याडमा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदन पत्रसाथ आ.व. २०७७/०७८ का लागि नविकरण भएको इजाजत-पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्वर (पान) प्रमाण पत्र र आ.व. २०७५/०७६ को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि संलग्न गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० (तिस) औं दिनसम्म तपसिलमा उल्लेख भएबमोजिम बोलपत्र पुस्तिका दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी कार्यालय समयभित्र यस कार्यालयको राजशव उप-शाखाबाट बोलपत्र पुस्तिका सम्वन्धि कागजात (Bid Document) खरिद गर्न सकिनेछ ।

२. बोलपत्र पुस्तिका सम्वन्धि कागजात खरिद गर्ने आपूर्तिकर्ताहरुको तर्फबाट प्रोप्राइटर स्वयं उपस्थित हुन रीत्तपूर्वकको अख्तियारी पेश गरेमा मात्र बोलपत्र खरिद गर्न सकिनेछ तर अख्तियारी एक व्यक्ति एक आपूर्तिकर्ताको लागि मात्र मान्य हुनेछ ।

३. खरिद गरिएका बोलपत्र सम्वन्धि कागजातमा उल्लेख भएका सवै विवरणहरु अध्ययन गरी आपूर्तिकर्ताले प्रत्येक पानामा सही-छाप गरी, शिलवन्दी गरी खाम वाहिर फर्मको नाम, ठेगाना, कामको नाम प्रष्टसंग लेखी ३१ औं दिन दिनको १२:०० वजेसम्म यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ । यसरी दर्ता भएका बोलपत्रहरु सोही दिन दिनको २:०० वजे न.पा. कार्यालयमा, उपस्थित आपूर्तिकर्ताहरु वा निजको प्रतिनिधिहरुको उपस्थितिमा खोलिनेछ । उक्त समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि रीत्तपूर्वकको बोलपत्रहरु खोलिने कार्यमा वाधा पर्नेछैन । बोलपत्र सम्बन्धि कागजात खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट अर्थात कार्यालय खुलेको दिन सोही समयमा विक्री गर्ने, दर्ता गर्ने र खोल्ने कार्य हुनेछ ।

४. एक आपूर्तिकर्ताको नामबाट खरिद गरेको बोलपत्रहरु अर्को आपूर्तिकर्ताको नामबाट दर्ता गर्न पाइनेछैन ।

५. बोलपत्रसाथ तपसिलमा उल्लेखित धरौटी रकममा नघटाई नेपाल बैंक लिमिटेड, लहान स्थित रहेको यस कार्यालयको चल्ती हि.नं.०३६०३०००००१००१००००००१ धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा क वर्गको वाणिज्य बैंकबाट सो रकम बराबरको यस कार्यालयको नाममा जारी गरिएको विडवण्ड (बोलपत्र खोलेको मितिले कम्तिमा ९० दिन म्याद भएको) पेश गर्नुपर्नेछ ।

६. बोलपत्र फाराममा भ्याट (VAT) वाहेकको दररेटहरु, अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेखित रकमलाई मान्यता दिइनेछ ।

७. बोलपत्र शर्तरहित साथै यस कार्यालयले उपलब्ध गराएको बोलपत्र पुस्तिकामा कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनुपर्नेछ । त्यसरी लेखी आएमा सोलाई मान्यता दिईनेछैन ।

८. बोलपत्रको बीड डकुमेन्ट, स्पेसिफिकेशन, परिमाणको मूल्यपत्र, सूचना, ठेक्का सम्वन्धि कुनै डकुमेन्ट आदिमा भाषागत त्रुटि भएमा वा विषय प्रसंगले अन्य अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन वाधा पर्नेछैन । बोलपत्र सम्वन्धी सूचना संशोधन भएमा यस कार्यालयको सूचना पाटीमा टाँस गरी web site समेतमा राखिनेछ । नेपाल सरकारको प्रचलित नियम कानून र यस कार्यालयको निर्णय अन्तिम र मान्य हुनेछ ।

९. बोलपत्र सम्वन्धि विस्तृत जानकारीका लागि प्रि-बीड मिटिंग २०७७/०६/१८ गते दिनको १२:०० वजे यस कार्यालयमा हुनेछ । उक्त मिटिंगमा सम्वन्धित सबै आपूर्तिकर्ताहरु उपस्थित भई आफूले चाहेको जिज्ञासा राख्न सकिनेछ ।

१०. कुनै पनि कारण जनाई वा नजनाई बोलपत्रको सम्पूर्ण वा आंशकि रुपमा स्वीकृत गर्ने वा नगर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । बोलपत्र स्वीकृत भएपछि पनि कार्यालयले आवश्यक आपूति सामग्री पूर्ण वा आंशिक रुपमा थपघट गर्न सकिनेछ ।

११. रीत्त नपुगी वा म्याद नाघी आएका बोलपत्रहरु उपर कुनै किसिमको कार्यवाही हुनेछैन । बोलपत्र सम्वन्धि अन्य केही कुरा वुभ्न परेमा कार्यालय समयभित्र कार्यालयमा सम्पर्क राखी वुभ्न सकिनेछ ।

१२. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरीद ऐन, २०६३ र सार्वजनिक खरीद नियमावली, २०६४ वमोजिम हुनेछ । यस सूचनामा केही थपघट वा फरक पर्न गएमा प्रचलित नियम कानून वमोजिम हुनेछ ।

**तपसिल:-**

| ठेक्का नं. | निर्माण कार्यको नाम र स्थान | लागत अनुमान रकम (कन्टेन्जेन्सी र भ्याट वाहेक) रु. | धरौटी रकम रु. | दरभाउपत्र फाराम दस्तुर रु. |
|---|---|---|---|---|
| ०३/०७७/०७८ | सडक ग्राभेल आपूर्ति कार्य (उत्खनन् स्थल) | ४३,१०,६२५।- | १,२५,०००।- | ३,०००।- |

**प्रमुख प्रशासकीय अधिकृत**